# थुलुङ दुधकोशी राजपत्र

**थुलुङ दुधकोशी गाउँपालिकाद्वारा प्रकाशित**

## भाग-२

## सूचना २७

दुधकोशी सामुदायिक अस्पताल संचालन कार्यविधि, २०७९

**कार्यपालिकाबाट स्वीकृत मितिः २०७९।११।०५**

**प्रस्तावना** : दुधकोशी सामुदायिक अस्पतालमा सेवाग्राहीहरुको उपचारलाई व्यबस्थित गर्न र सेवाग्राहीहरुलाई छिटो छरितो तथा गुणस्तरीय स्वास्थ्य उपचार सेवा प्रदान गर्न थुलुङ दुधकोशी गाउँपालिकाको मातहतमा रहेको दुधकोशी सामुदायिक अस्पतालको सञ्चालन तथा व्यवस्थापन गर्न तथा अस्पतालमा अहोरात्र खटिने चिकित्सक, स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीहरुलाई उचित प्रोत्साहनको व्यबस्था गर्न यो कार्यविधि बनाउन वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार तथा थुलुङ दुधकोशी गाउँपाललको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४(१) ले दिएको अधिकार प्रयोग गरी थुलुङ दुधकोशी गाउँ कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

### परिच्छेद-१

### <u>संक्षिप्त नाम र प्रारम्भ</u>

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम थुलुङ दुधकोशी गाउँपालिकाको **"दुधकोशी सामुदायिक अस्पतालको संचालन कार्यविधि, २०७९"** रहेको छ।

(२) यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरेको मितिबाट लागू हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा, -

(क) **"गाउँपालिका"** भन्नाले थुलुङ दुधकोशी गाउँपालिका सम्झनु पर्छ ।

(ख) **"कार्यपालिका"** भन्नाले थुलुङ दुधकोशीको गाउँकार्यपालिका सम्झनु पर्छ ।

(ग) **"अध्यक्ष"** भन्नाले गाउँपालिका अध्यक्ष सम्झनु पर्छ।

(घ) **"उपाध्यक्ष"** भन्नाले गाउँपालिका उपाध्यक्ष सम्झनु पर्छ।

(ङ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले गाउँपालिकाको कार्यकारी अधिकृत सम्झनु पर्छ।

(च) **"संघीय जनस्वास्थ्य ऐन"** भन्नाले जनस्वास्थ्य सेवा ऐन, २०७५ लाई सम्झनु पर्छ ।

(छ) **"कार्यविधि"** भन्नाले यस थुलुङ दुधकोशी गाउँकार्यपालिकाले दुधकोशी सामुदायिक अस्पताल संचालन गर्नका लागि जारी गर्ने कार्यविधि सम्झनु पर्छ ।

(ज) **"गाउँपालिका क्षेत्र"** भन्नाले थुलुङ दुधकोशीको भू-भाग सम्झनु पर्छ ।

(झ) **"अस्पताल व्यवस्थापन समिति"** भन्नाले दुधकोशी सामुदायिक अस्पताल संचालनका लागि बनेको समिति भन्ने सम्झनु पर्छ।

(ञ) **"स्वास्थ्य संस्था"** भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएका, इजाजतपत्र लिएका सरकारी, गैह्रसरकारी, निजी, सामुदायिक र सहकारी रुपमा संचालित स्वास्थ्य संस्थालाई सम्झनु पर्छ ।

(ट) "**चिकित्सक तथा स्वास्थ्यकर्मी**" भन्नाले प्रचलित कानून बमोजिम स्वास्थ्य सेवा प्रदान गर्न सम्बन्धित परिषदबाट अनुमति प्राप्त व्यक्ति सम्झनु पर्छ ।

(ठ) **"शाखा"** भन्नाले अस्पताल भित्रका बिभिन्न बिभागीय शाखालाई सम्झनु पर्छ ।

(ड) **"सेवाग्राही"** भन्नाले अस्पतालमा सेवा लिन आउने व्यक्तिलाई सम्झनु पर्छ ।

(ढ) **"बिरामी"** भन्नाले अस्पतालमा भर्ना भई वा नभई उपचार सेवा लिन आउने सेवाग्राहीलाई सम्झनु पर्छ।

(ण) **"बहिरङ्ग सेवा"** भन्नाले दैनिक प्रदान गरिने नियमित सेवालाई सम्झनु पर्छ ।

(त) **"अन्तरङ्ग सेवा"** भन्नाले २४ सै घण्टा प्रदान गरिने सेवालाई सम्झनु पर्छ।

## परिच्छेद२ -

## अस्पताल ब्यबस्थापन

### ३. अस्पताल व्यवस्थापन समिति सम्बन्धी व्यवस्था

आधारभूत स्वास्थ्य सेवालाई जनताको मौलिक अधिकारको रुपमा स्थापित गर्दै आफ्ना आवश्यकता अनुरुपको स्वास्थ्य सेवा आफैं व्यवस्थापन गर्न, स्थानीय स्रोतको सदुपयोग र जनसहभागिता परिचालन गरी सुलभ रुपमा गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्य प्राप्तिको लागि अस्पातालको संचालन तथा व्यवस्थापन गर्न देहाय वमोजिमको दुधकोशी सामुदायिक अस्पताल व्यवस्थापन समिति रहनेछ ।

क) गाउँपालिका अध्यक्ष – अध्यक्ष

ख) गाउँपालिका उपाध्यक्ष – सदस्य

ग) गाउँपालिकाको सामाजिक विकास समिति संयोजक – सदस्य

घ) गाउँपालिको स्वास्थ्य शाखा संयोजक – सदस्य

ङ) समितिले मनोनित गरेको एक जना महिला सहित जम्मा ३ जना – सदस्य

च) अध्यक्षले तोकेको एक जना स्थानीय समाजसेवी प्रतिनिधि – सदस्य

छ) सामुदायिक अस्पतालका प्रमुख – सदस्य सचिव

**४. अस्पताल व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार**

दफा ४ वमोजिम गठन हुने अस्पताल व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ;

क) सामुदायिक अस्पतालको उन्नति र विकासको सम्बन्धमा आवश्यक नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने/गराउने ।

ख) अस्पतालबाट संचालन हुने सेवाहरुको लक्ष्य निर्धारण गर्ने, कार्यान्वयन तथा उपलब्धीको समिक्षा गर्ने । वार्षिक रुपमा सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई गर्ने ।

ग) सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनको लागि आवश्यक मानस्रोतको व्यवस्थापन गर्ने तथा सेवा प्रदायकहरुलाई सहज रुपमा कार्य गर्न अनुकूल र सुरक्षित वातावरण सिर्जना गरी उच्च कार्य सम्पदानका लागि प्रोत्साहन गर्ने ।

घ) अस्पताल संचालन तथा व्यवस्थापन संम्बन्धमा संघ, प्रदेश तथा अन्तर स्थानीय तहसँग समन्वय तथा सहकार्यको सिफारिस गर्ने ।

ङ) अस्पतालको भौतिक सम्पतिको संरक्षण तथा नियमित मर्मत सम्भार गर्ने गराउने ।

च) अस्पतालबाट प्रदान हुने दैनिक स्वास्थ्य सेवाहरुको अनुगमण गर्ने गराउने ।

छ) अस्पतालमा विद्युतीय स्वास्थ्य (E-health) को अवधारणालाई विकास गरी क्रमश लागू गर्दै जाने र सो को लागि गाउँपालिका र सो अन्तर्गतको स्वास्थ्य शाखा सँग समन्वय गर्ने ।

ज) अस्पताल संचालन तथा व्यवस्थापन सम्बन्धमा आवश्यक अन्य कार्य गर्ने ।

**५.** ५० शैयाको क्षमता भएको यस अस्पतालमा सेवाग्राहीहरुको उपचारलाई मध्यनजर गरी अस्पतालमा उपलब्ध श्रोत साधन तथा जनशक्तिको अधिकतम प्रयोग गरी अस्पतालबाट प्रदान गरिने सेवाहरुलाई गुणस्तरीय तथा सर्बसुलभ बनाई स्तरीय उपचार सेवा प्रदान गरिने छ।

६. हाल दुधकोशी सामुदायिक अस्पतालमा रहेको पुर्वाधारलाई थप संरचना बनाउन सिफारिस गरी आवश्यक प्रक्रिया अगाडी बढाईने छ।

७. दफा (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि बिरामीको चाप अस्पतालमा उपलब्ध जनशक्ति तथा अस्पतालको क्षमता बिश्लेषण गरी समितिको सिफारिसमा थुलुङ दुधकोशी गाउँ कार्यपालिकाबाट सिफारिस गरी सम्बन्धित निकायबाट स्वीकृत गरी आवश्यक मात्रामा शैया संख्या थप गरी अस्पताल संचालन गर्न सकिनेछ ।

८. अस्पतालमा विभिन्न विशिष्टिकृत सेवाहरु उपलब्ध जनशक्ति र श्रोत साधनको अधिकतम उपयोग गरी थप सेवा विस्तार गर्न सकिने छ ।

९. नेपाल सरकारबाट जारी गरिएको आधारभूत स्वास्थ्य सेवा (Basic health care package) प्रवाह र सेवाको न्यूनतम मापदण्ड (Minimum service standard) कार्यान्वयनको सुनिशश्चितता गराउन पर्नेछ ।

१०. अस्पताल संचालन तथा व्यवस्थापन प्रयोजनका लागि अस्पतालमा खटिएका जनशक्तिको परिचालन र संयोजन दुधकोशी सामुदायिक अस्पताल व्यवस्थापन समिति र दुधकोशी सामुदायिक अस्पताल प्रमुखको जिम्मेवारी हुनेछ ।

११. दफा (७) मा उल्लेखित कार्यहरु गर्न अस्पतालमा तपशिल बमोजिमका बिभागहरु/शाखा रहने छन ।

(क) प्रशासन शाखा : अस्पतालका सम्पुर्ण प्रशासनिक सम्बन्धी कार्य गर्ने,

(ख) स्टोर शाखा : अस्पतालका जिन्सीहरु राख्ने तथा आवश्यक सामाग्रीहरु ब्यबस्थापन गर्ने शाखा ।

(ग) लेखा शाखा : लेखा सम्बन्धी सम्पूर्ण अभिलेख राख्ने शाखा ।

(घ) बहिरङ्ग शाखा : सामान्य चिकित्सा सम्बन्धी सेवा तथा अन्य सेवाहरु सम्बन्धी कार्य गर्ने ।

(ङ) अन्तरङ्ग शखा : बिरामी भर्ना गरी उपचार गर्ने ।

(च) इर्मजेन्सि शाखा : आकस्मीक सेवा प्रदान गर्ने ।

(छ) प्रयोगशाला शाखा : बिरामीहरुको रगत, दिशा, पिशाब तथा आवश्यक नमुना परिक्षण गर्ने ।

(ज) फार्मेसी शाखा : बिरामीहरुलाई सिफारिस गरिएका औषधी बितरण गर्ने ।

(झ) रेडियोलोजी शाखा : बिरामीहरुको एक्स-रे गर्ने ।

(ञ) काउन्टर शाखा : सेवाग्रहीहरुको नाम दर्ता तथा विलिङ्ग गर्ने ।

(ट) वीमा क्लेम शाखा : स्वास्थ्य बिमा तर्फका सेवाग्रहीहरुलाई सेवा दिए बापतको रकम दावी गर्ने।

(ठ) अप्रेशनकक्ष शाखा : अप्रेशनद्वारा उपचार गर्ने ।

(ड) मेन्टेनेन्स शाखा : अस्पतालको पानि, विजुली बत्ति तथा औजार उपकरण मर्मत संभार गर्ने ।

१२. अस्पतालमा हाल कार्यरत जनशक्तिहरु लाई यथावत राखी दैनिक कार्य संचालन गर्ने र थुलुङ दुधकोशी गाउँ कार्यपालिका र गाउँ सभा बाट दुधकोशी सामुदायिक अस्पतालको संगठनिक र व्यवस्थापकीय सर्वेक्षण (O&M Survey) स्वीकृत भए पश्चात सोही अनुरुप जनशक्तिको व्यवस्थापन गर्ने।

१३. अस्पतालमा आवश्यक जनशक्तिको स्थायी पदपूर्ति नभएसम्मको लागि करार सेवाबाट पदपूर्ति गर्नको लागि व्यवस्थापन समिति वा व्यवस्थापन समितिले तोकेको कर्मचारी पदपूर्ति समितिबाट छनौट तथा सिफारिस गरी पदपूर्ति गरिनेछ ।

१४. दफा (९) मा जुनसुकै कुरा लेखिएता पनि अस्पतालमा थप विशिष्टिकृत सेवाहरु विस्तार गर्न वा सेवा संचालन गर्न आवश्यक परेमा सो सेवा संचालनका लागि थप जनशक्ति दुधकोशी सामुदायिक अस्पताल व्यवस्थापन समितिवाट निणर्य गरी संचालन गर्न सकिनेछ ।

## परिच्छेद -३

## अस्पतालमा कार्यरत कर्मचारीहरुको सेवासुविधा

१५. अस्पतालमा खटिएका अस्पताल ब्यबस्थापन समिति तर्फका कर्मचारीहरुको तलब तथा पोषक भत्ता अस्पताल व्यबस्थापन समितिले निर्धारण गरे अनुसारको अनुसूची-१ मा उल्लेख भए बमोजिम अस्पताल ब्यबस्थापन समितिको कोषबाट भुक्तानी हुनेछ । अस्पताल ब्यवस्थापन समिति तर्फका कर्मचारीहरुको तलब थपघट गर्नु परेमा स्रोतको सुनिश्चितता गरी अस्पताल ब्यवस्थापन समितिले निर्णय गरी थुलुङ दुधकोशी गाउँ कार्यपालिकाबाट स्वीकृत गराई गर्न सक्नेछ।

१६. नेपाल सरकार तर्फका स्थायी कर्मचारीहरु र नेपाल सरकार छात्रवृत्ति करार तर्फका कर्मचारीहरुको तलब भत्ता नेपाल सरकारले तोके बमोजिम हुनेछ।

१७. दुधकोशी सामुदायिक अस्पतालमा स्वास्थ्य विमा लागू भई बिभिन्न बिशेषज्ञ सेवाहरु विस्तार भए पश्चात सेवाग्राहीहरुको संख्या अत्याधिक बृद्धिभई नियमित समयमा मात्र सेवा संचालन गर्दा सेवाग्राहीहरुलाई सेवा लिन असहज हुने हुदा अस्पताल बाट प्रदान गरिने सेवाहरुलाई व्यवस्थीत तथा छिटोछरितो वनाउन दैनिक रुपमा विहान ७ बजे देखी नै विरामी दर्ता शुरु गरी ८ वजे देखी ओ.पि.डि. सेवा तथा २४ सै घण्टा प्रयोगशाला, एक्स रे, फार्मेसी सेवा संचालन गर्दा कार्यबोझ बढेको, सेवाग्राहीहरुको संख्या अनुसार जनशक्ति कम रहेको र अस्पतालमा सेवा प्रदान गरिरहेका विशेषज्ञ चिकित्सकहरुलाई पलायन हुन नदिई यसै अस्पतालमा सेवा निरन्तरताको लागि उत्प्रेरण

जगाउँन थप कार्यबोझ, अस्पतालको आवश्यकता, बजेटको अवस्था, सम्बन्धित कर्मचारीले हासिल गरेको थप बिशेषज्ञता सो सेवाले सेवाग्राहीहरुलाई पुऱ्याउन सक्ने लाभ अध्ययन गरी थप प्रोत्साहन स्वरुप बिशेषज्ञ चिकित्सक तथा मेडिकल अधिकृतको हकमा खाइपाई आएको तलब स्केलमा व्यवस्थापन समितिको निर्णयले थप सुविधा प्रदान गर्न सकिनेछ ।यसरी सुविधा थपको निर्णय गर्दा एकपटकमा बढीमा १ वर्षको लागि थप गर्न पाइनेछ ।

१८. यस अस्पतालमा कार्यरत चिकित्सक वाहेकका स्वास्थ्यकर्मिहरु र अन्य कर्मचारीहरुलाई पर्न जाने थप कार्यबोझको अध्ययन गरी कर्मचारीहरुको मनोवल उच्च राखि उत्प्रेरित गर्न प्रोत्साहन स्वरुप स्थायी कर्मचारीहरु र अस्पताल व्यवस्थापन समितिको सेवाकरार तर्फका कर्मचारीहरुको हकमा खाईपाई आएको तलब स्केलमा व्यवस्थापन समितिको निर्णयले थप सुविधा प्रदान गर्न सकिनेछ । यसरी सुविधा थपको निर्णय गर्दा एकपटकमा बढीमा १ वर्षको लागि थप गर्न पाइनेछ ।

१९. दफा (१३) र (१४) मा जुनसुकै कुरा लेखिएता पनि सार्वजनिक विदा वाहेक आफ्नो व्यक्तिगत कारण देखाई महिनामा ५ दिन भन्दा बढि विदा बसेमा पाँच दिन भन्दा वढी बिदा बसेको अवधि भरको सुविधा उपलब्ध हुने छैन । कर्मचारी तालिमको हकमा प्रचलित ऐन कानुन अनुसार हुनेछ।

२०. एनेश्थेसियोलोजिष्ट बिशेषज्ञ चिकित्सकको हकमा खाईपाई आएको तलब स्केलको ५० प्रतिशत एनेस्थेसिया हजार्ड भत्ता र अस्पतालमा अन्य पदमा रहि एनेश्थेसिया असिष्टेन्टको योग्यता हासिल गरेको कर्मचारीले आफ्नो नियमित कार्य गरी एनेश्थेसिया सेवा प्रदान गरे वापत एनेश्थेसिया हजार्ड भत्ता रुवरुप खाईपाई आएको तलब स्केलको २५ प्रतिशत सम्म प्रदान गर्न सकिनेछ ।

२१. अस्पतालमा दैनिक संचालन भएका सेवाहरुको तथ्याङ्क अभिलेख तथा प्रतिवेदन तयार गर्ने मेडिकल रेकर्डर नभएको हकमा अन्य कार्यरत कर्मचारीहरु मध्येवाट सो सम्बन्धी ज्ञान भएको कर्मचारीलाई कामकाज गराई थप सुविधा स्वरुप मासिक आधारभूत तलवमानको २५ प्रतिशतसम्म प्रदान गर्न सकिनेछ ।

२२. आफ्नो नियमित डियुटी लाई असर नपारी अस्पतालमा गरिने सामान्य शल्यक्रिया, जटिल शल्यक्रिया, अन्य प्रोसेड्युर सेवा, रात्रीकालिन डियुटि खाजा खर्च, जुनै पनि समयमा आउने लासलाई फ्रिजमा व्यवस्थापन गर्ने, मेडिको लिगल सेवा (घाउ जाच, निरोगिता प्रमाण पत्र, पोष्टमार्टम), विभिन्न शाखामा कार्यरत शाखा प्रमुखहरुले २४ सै घण्टा आ-आफ्ना शाखाका सेवाहरुलाई सुचारु राख्न आफ्नो नियमित डियुटि वाहेक अन्य व्यवस्थापकीय कार्यहरु गरे वापत विभागीय प्रमुख र सम्बन्धित सेवाप्रदायक हरुलाई अनुसूची - २ मा उल्लेख भए बमोजिम थप सुविधा प्रदान गर्न सकिनेछ ।

२३. अस्पतालमा उपलब्ध नभएको विशेषज्ञ सेवाको सेवाग्राहीहरु अत्याधिक भई सेवा नदिएको खण्डमा धेरै सेवाग्राहीहरुलाई रिफर गर्नु पर्ने अवस्था भई अस्पताललाई आर्थिक नोक्सानी हुने र सेवाग्राहीहरुलाई समेत सो सेवाका लागि अन्यत्र जानुपर्ने कठिनाई हुने भएकोले सो विशेषज्ञ सेवाको सम्बन्धित विशेषज्ञ चिकित्सक पार्टटाईमको रुपमा स्थानीय स्तरमा उपलब्ध भए विरामीको ओ. पि. डि. रजिष्ट्रेशन वापत रकम साविक ओ. पि. डी. रजिष्ट्रेसनमा ५० प्रतिशत थप गरी लिने र विरामी भर्ना गरी विहान बेलुका राउण्ड लिए वापत प्रति दिनको रकम रु. २५००।०० का दरले सुविधा दिई सेवा विस्तार गर्न सकिनेछ साथै विशेषज्ञबाट -सेवाको व्यवस्था गरिनेछ ।

२४. २४ सै घण्टा सेवा दिन यस अस्पतालमा कार्यरत चिकित्सक तथा अन्य स्थायी कर्मचारीहरुका लागि आवसको व्यवस्था नभएको हुदा अनुसूची- ३ मा उल्लेख भए बमोजिम आवास सुविधा दिन सकिने छ । यदि यसै अस्पतालमा श्रीमान श्रीमती कार्यरत रहेमा एक जनाले मात्र सो सुविधा पाउने छ । साथै थुलुङ दुधकोशी गा.पा. भित्र स्थायी बसोवास भएका कर्मचारीहरुको हकमा सो सुविधा उपभोग गर्न पाउने छैनन् ।

२५. अस्पतालबाट प्रदान गरिने सेवाहरुको सेवा शुल्क बिमातर्फका विमित सेवाग्राहीहरुको हकमा स्वास्थ्य बिमा बोर्डले तोके बमोजिमको हुनेछ अन्य सेवाग्राहीहरुको हकमा अस्पताल व्यवस्थापन समितिले निधारण गरी थुलुङ दुधकोशी गाउँ कार्यपालिकावाट स्वीकृत गराई लागू गर्न सकिनेछ ।

## परिच्छेद -४

## वित्तीय व्यवस्थापन तथा लेखापरीक्षण

२६. यस सामुदायिक अस्पतालको आर्थिक कारोबारको लागि गाउँपालिकाको संचित कोष खाता संचालन हुने वाणिज्य बैंकमा अस्पताल प्रमुख र अस्पतालको लेखाप्रमुखको संयुक्त हस्ताक्षरमा संचालन हुने गरी खाता खोली संचालन गर्नुपर्नेछ ।

२७. अस्पतालको वित्तीय व्यवस्थापन नेपाल सरकारको प्रचलित आर्थिक ऐन, स्थानीय सरकार संचालन ऐन, २०७४ अन्तर्गत गाउँपालिकाको आर्थिक ऐन नियम अनुसार हुनेछ ।

२८. अस्पताललाई प्राप्त रकमको खर्चको अभिलेख अस्पतालमा राख्ने र अर्धवार्षिक रुपमा भौतिक तथा वित्तीय प्रगतिको समिक्षा गर्नुपर्नेछ।

२९. अस्पतालको स्वामित्वमा रहेको चल अचल सम्पत्तिको अभिलेख अध्यावधिक गरी ठिक दुरुस्त राख्नुपर्नेछ ।

३०. यस अस्पतालको लेखा परीक्षण तथा सामाजिक परीक्षण प्रत्येक वर्ष प्रचलित नियम कानुन वमोजिम गर्नुपर्नेछ ।

## परिच्छेद –५

## खारेजी र वचाउ

३१. यस कार्यविधी जारी हुनुभन्दा अगाडी अस्पताल व्यवस्थापन सम्बन्धमा भए गरेका सम्पूर्ण काम कारवाही यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

३२. यो कार्यविधिको संशोधन वा कुनै दफा खारेजी गर्ने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ।

## अनुसूची-१

**दफा १५ सँग सम्बन्धित**

**अस्पताल व्यवस्थापन समिति तर्फका करार कर्मचारीहरुको हालको खाइपाई आएको तलव स्केल :**

| सि.नं. | तह | तलब स्केल | थप प्रोत्साहन भत्ता | कैफियत |
|---|---|---|---|---|
| १ | अधिकृत (विशेषज्ञ चिकित्सक) | नेपाल सरकारले निर्धारण गरेवमोजिम सम्बन्धित तहको तलवमान | व्यवस्थापन समितिले निर्धारण गरे वमोजिम | |
| २ | अधिकृत आठौं | | | |
| ३ | अधिकृत सातौं | | | |
| ४ | पाचौं | | | |
| ५ | चौथो | | | |
| ६ | श्रेणी विहिन | | | |
| ७ | सवीपर (पोष्टमार्टम) | | | |
| ८ | स्वीपर | | | |
| ९ | पोशाक भक्ता | नेपाल सरकारले निर्धारण गरे अनुसार | | ६ महिनाभन्दा बढी काम गरेमा मात्र पाउने |
| १० | चाडपर्व खर्च | एक महिनाको तलब स्केल | | ६ महिनाभन्दा बढी काम गरेमा मात्र पाउने |

## अनुसूची-२

**दफा २२ संग सम्बन्धित**

| सि.नं. | प्रोसुड्युर | सेवा प्रदायकलाई दिइने प्रतिशत | | | |
|---|---|---|---|---|---|
| | | चिकित्सक | एनेस्थेसिया | स्वास्थ्यकर्मी | का.स.तथा.सफाई |
| १ | सामान्य शल्यक्रिया | २० | ० | ७ | ३ |
| २ | जटिल सल्यक्रिया | २५ | १० | ७ | ३ |
| ३ | आईसियु बेड भर्ना | ७ | ५ | ५ | ३ |
| ४ | एच. डि. यु. भर्ना | ७ | ५ | ५ | ३ |
| ५ | इको | २० | ० | ० | ० |
| ६ | इन्डोसकोपी | २० | ० | ० | ० |

| सि.नं. | अन्य | रकम | कैफियत |
|---|---|---|---|
| ८ | नाइट खाजा वापत प्रति रात | २००।- | रात्रीकालिन डियुटी वापत |
| ९ | पोष्टमार्टम | ५००।- | प्रति केस |
| १० | पोष्टमार्टम सहयोगी | २००।- | प्रति केस |
| ११ | सार्वजनिक विदामा पोस्टमार्टम | १०००।- | प्रति केस |
| १२ | लास फ्रिजमा व्यवस्थापन | २५०।- | प्रति लास |
| १३ | विशेषज्ञ डाक्टर अन कल | १२००।- | सार्वजनिक विदा, अतिरिक्त समयमा प्रति दिन कल वापत |

## अनुसूची-३

**दफा २४ संग सम्बन्धित**

| सि.नं. | आवास किसिम | घर भाडा वापत रकम मासिक | कैफियत |
|---|---|---|---|
| १ | मे.सु. आवास | रु.१०,०००।- सम्मको फल्याट | घरधनीसंग सम्झौता गरी घरधनीलाई भुक्तानी दिइनेछ |
| २ | घर भाडा (विशेषज्ञ चिकित्सक) | रु.७,०००।- सम्मको फल्याट | |
| ३ | घरभाडा (मेडिकल अधिकृत) | रु.५०००।- सम्मको कोठा | |

नोट : अस्पतालकै स्वामित्वमा रहेको भवनमा आवास सुविधा उपलब्ध नभएमा मात्र पाउने ।

आज्ञाले,
खरिधन राई
नि. प्रमुख प्रशासकीय अधिकृत